नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ९१ २०८२ साल कात्तिक १९ गते बुधबार (5 Nov 2025 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : स्वच्छ ऊर्जा क्षेत्रको ... ३ पृष्ठमा : बालबालिकाका विषयलाई ... ३ पृष्ठमा :भारतद्वारा मतदाता सूची ...

## करदाता सेवा कार्यालय राजविराजलाई स्तान्तरण गर्ने प्रपञ्च रचिदै

**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

करदाता सेवा कार्यालय राजविराजलाई स्तान्तरण गर्ने प्रपञ्च रचिदै छ । गत आर्थिक वर्षमा राजस्व संकलनमा उल्लेखनीय प्रगति गरेको यस कार्यालयलाई सिरहाको लहान सार्ने योजना बनाउन लागिएको चर्चा यतिबेला जनचासोको बिषय बनेको हो ।

बि.स. २०७५ साल भदौं १६ गते तत्कालिन अर्थमन्त्री युवराज खतिवडाले राजविराज वडा नं. ६ सिरहा रोडस्थित सो कार्यालय उद्घाटन गरेका थिए । त्यसपछी उक्त कार्यालय राजविराज वडा नं. ७ स्थित आफ्नै भवनमा सरेको थियो । तर भदौं २५ गते जेनजी आन्दोलनका क्रममा कार्यालयमा आगजनी भएपछी कार्यालय क्षतिग्रस्त हुँदा हाल नजिकैको भाडाको भवनमा संचालन हुँदै आएको छ ।




करदाता सेवा कार्यालयको तथ्यांक अनुसार ६६ हजार ५ सय ६१ सक्रिय करदाता रहेको यस कार्यालयले गत आ.व. २०८१/०८२ मा कार्यालयले ८७ करोड २७ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो, जुन अघिल्लो वर्षको तुलनामा करिब १३ प्रतिशतले बढी हो । अघिल्लो आ.व. २०८०/०८१ करिब ७७ करोड रुपैयाँ राजश्व संकलन भएको थियो ।

यस कार्यालयले चालु आ.व. २०८२/०८३ मा १ अर्ब १४ करोड
रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको छ । यसका लागि करदाताको दायरा थप विस्तार गर्ने, प्रविधिमुखी सेवा प्रवर्द्धन गर्ने र कर छल्ने प्रवृत्तिमाथि निगरानी गर्ने कार्यालयले योजना बनाएको छ ।

करदातामुखी कार्यक्रम, कर शिक्षा अभियान, कर अनलाइन प्रणालीको विस्तार, सेवाग्राहीलाई सहज सेवा, तस्करी नियन्त्रणका लागि बजार अनुगमन तथा कर छली विरुद्धका
निगरानीले राजस्व संकलनमा सकारात्मक परिणाम देखिएको अवस्थामा यस कार्यालयलाई लहान सार्न खोजिएकोप्रति यहाँका व्यापारीहरु आक्रोसित बनेका छन् ।

"यत्रो संख्यामा करदाता रहेको यस कार्यालयलाई आन्तरिक राजश्व कार्यालयको रुपमा विस्तार गर्नु पर्नेमा उल्टै सार्ने प्रपञ्च हामीलाई स्विकार हुने छैन," सप्तरी उद्योग बाणिज्य संघका सदस्य सचिन्द्र दासले भने, "यस्तो कार्यको बिरोधमा सम्पूर्ण व्यापारीहरु एकजुट हुनु आवश्यक छ ।"

## अगनीसाईर कृष्णासवरनका अध्यक्ष चौधरीद्वारा राजिनामा




**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

सप्तरीको अग्नीसाईर कृष्णासवरन गाउँपालिकाका अध्यक्ष दिनानाथ चौधरीले आफ्नो पदबाट राजिनामा दिएका छन् ।

उपाध्यक्ष कल्पना चौधरीलाई सम्बोधन गरी उनले अध्यक्ष पदबाट राजिनामा दिएको पत्रमा उल्लेख छ ।

"अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको अध्यक्ष पदमा कार्यरत रही आएकोमा विभिन्न कारणवश सो पदमा निरन्तर कार्य गर्न असमर्थ भएको छु । म आफ्नो पदमा आवश्यक दक्षता, समय र उर्जा दिन नसकेको महसुस गरेकोले, स्वच्छाले आज कै मिति देखि लागु हुने गरी अध्यक्ष पदबाट राजिनामा दिएको जानकारी गराउँदछु" असोज ५ गते बुझाएका राजिनामा पत्रमा उल्लेख छ ।

मंगलबारको गाउँ कार्यपालिकाको निर्णय अनुसार अध्यक्ष चौधरीको राजिनामा स्वीकृत गरिएको उपाध्यक्ष कल्पना चौधरीले जानकारी दिएकी छिन् ।

## महादेवाको कृषि सडक निर्माणमा अनियमितता भएको भन्दै विशेष अदालतमा आरोप-पत्र दायर

**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

सप्तरीको महदेवा गाउँपालिकामा कृषि सडक निर्माणमा अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक कम्पनीसहित सात जना उपर विशेष अदालतमा आरोप-पत्र दायर गरेको छ ।

गाउँपालिकाको वडा नं. २ स्थित दोमुहान डगरदेखि पश्चिम खाडो नदी हुँदै भिम बाँधसम्मको कृषि सडक निर्माण कार्यमा अनियमितता भएको भन्दै अख्तियारले मंगलबार विशेष अदालतमा आरोप-पत्र दायर गरेको हो ।

कृषि विकास निर्देशनालय नक्टाझिज, धनुषाका कार्यालय प्रमुख रत्न कुमार झा, कृषि अर्थ विज्ञ-योजना प्रमुख विकास कुमार साह, लेखा अधिकृत चक्र प्रसाद अधिकारी उपर आरोप-पत्र दायर गरिएको छ ।

यसैगरी वडा नं. २ का अध्यक्ष जगदीश मण्डल, कृषि सडक निर्माण उपभोक्ता समिति महादेवा वडा नं. २ कजौली सप्तरीका अध्यक्ष हरि नारायण यादव, सचिव गगांराम यादव र कोषाध्यक्ष सावित्री देवी यादव, कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषाका परामर्शदाता किरु इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि. र सो प्रा.लि.का प्रोप्राइटर हरिश कुमार सिंह उपर आरोप-पत्र दायर गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता राजेन्द्र कुमार पौडेलले विज्ञप्ति मार्फत जनाइएको छ ।

आर्थिक बर्ष २०७७-०७८ मा कृषि सडक निर्माणका लागि कृषि विकास निर्देशनालय धनुषाको नेपाल सरकारबाट प्राप्त २३ लाख ५२ हजार ८ सय ६९ रुपैयाँ ६६ पैसा बजेट स्वीकृत भएको र सम्झौताको शर्त र मापदण्ड अनुसार काम नभएपनि प्राविधिकको प्रतिवेदन, नापी किताव, रनिङ्ग विल, कार्य सम्पन्न प्रतिवेदनको आधारमा कृषि विकास निर्देशनालय धनुषाले उपभोक्ता समितिको नाममा मिति २०७८ असार २१ गते मा १८ लाख २२ हजार छ सय एक रुपैयाँ भुक्तानी दिएको थियो ।

अख्तियारको प्राविधिक टोलीले सो कृषि सडक निर्माण आयोजनाको स्थलगत नापजाँच गर्दा ६ लाख ९० हजार ६ सय ५७ रुपैयाँ पाँच पैसा बराबरको रकम प्रतिवादीहरुको मिलोमतो र संलग्नतामा कृषि विकास निर्देशनालयलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याएकाले जनही जनही ६ लाख ९० हजार ६ सय ५७ रुपैयाँ पाँच पैसाको दरले कृषि विकास

*बाँकी तीन पृष्ठमा*

## श्रीमानको बञ्चरो प्रहारबाट घाईते भएकी महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

सप्तरीमा श्रीमानको बञ्चरो प्रहारबाट गम्भीर घाईते भएकी एक महिलाको उपचारको क्रममा मृत्यु भएको छ ।

जिल्लाको सुरुङ्गा नगरपालिका वडा नं. ३ स्थित माईतीमा बस्दै आएकी ३५ बर्षीया सुनिता सदाको उपचारको क्रममा सोमबार मृत्यु भएको हो ।

घरायसी विवादका कारण उनका श्रीमान सिरहाको

*बाँकी तीन पृष्ठमा*

**बिपद्को पूर्व तयारी गरौं।**

भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता बिपद्जन्य जोखिमबाट जोगिनः

- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- बिद्यालय, कार्यालय र समुदायमा बिपद् ब्यवस्थापन योजना बनाऔं,
- अफवाह नफैलाऔं – आधिकारिक जानकारीमा मात्र भर परौं।

बिपद् रोक्न सकिँदैन, पूर्व तयारी गरे क्षति घटाउन सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अखाद्यय खाने बस्तुप्रति सचेत रहनु आवश्यक

खानपिनमा ख्याल गर्न सकेमा हामीलाई निरोगि बन्न सक्छौं । तर अहिले अखाद्यय बस्तु सेवनका कारण अकालमै विभिन्न रोगहरुको सामना गर्नुपरिरहेको अवस्था छ । विभिन्न होटलहरुमा बासी तथा सडेगलेका खानेकुराहरु खुल्लेआम विक्रि भईरहेको छ । अधिकांश होटलहरुमा मिसावटयुक्त नास्ता र सडेगलेका बासी खानेकुराहरु विक्रि वितरण हुने गरेको छ । सर्वसाधारणहरुको स्वास्थ्यलाई सिधै हानि पुऱ्याउने खालका खानेकुराहरु विक्रि वितरण हुने गरेपनि त्यसलाई नियन्त्रण गर्नेतर्फ स्थानीय प्रहरी प्रशासन तथा सम्बन्धित निकायको ध्यान जान सकेको छैन ।

सर्वसाधारणको स्वास्थ्यमाथि खेलवाड गर्ने गरी खुल्लेआम मिसावटयुक्त तथा बासी र सडेगलेका खानेकुराहरु विक्रि वितरण गर्ने होटलहरुमा पटक पटक जिल्ला अनुगमन टोलीले पक्राउ गरेपनि कुनै ठोस आवश्यक कानुनी कार्बाही नगरेकै कारणले यी बासी तथा सडेगलेका खानेकुराहरु विक्रि वितरण न्यूनिकरण हुनुको साटो झनै फष्टाउँदै गएको छ । अधिकांश होटलहरुमा पाईने खानेकुराहरु न त छोपेको हुन्छ, न त स्वच्छ र सफा नै, तर पनि आमउपभोक्ताहरु रहर होईन बाध्यता भुख लागेको खण्डमा ती बाँसी तथा सडेगलेका खानेकुराहरु खादै आएका छन् ।

तसर्थ सर्वसाधारणको स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने खानेकुराहरु प्रति सम्बन्धित निकायले पनि नियमित रुपमा अनुगमन तथा कार्बाही प्रक्रिया अगाडी बढाउनुपर्ने जरुरी देखिन्छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्वच्छ ऊर्जा क्षेत्रको उपलब्धि र अबको बाटो

**नवराज ढकाल**

काठमाडौँ, १८ कात्तिक (रासस) । नेपालमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाका स्रोत र प्रविधिहरूलाई प्रवर्द्धन गरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने घरपरिवारको जीवनस्तरमा सुधार ल्याउने र परम्परागत ऊर्जामाथिको निर्भरतालाई कम गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०५३ साल कात्तिक १८ गते वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना भएको हो । वैकल्पिक ऊर्जा विकास समिति (गठन), आदेश २०५३ को सातौँ संशोधनबाट केन्द्रको काम, कर्तव्य र अधिकारमा तीनवटा कार्य क्षेत्र थप भएका छन् ।

यसअन्तर्गत नेपाल सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तरराष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त स्रोतसाधनका आधारमा तयार गरिने वैकल्पिक ऊर्जा तथा ऊर्जा दक्षता विकास कार्यक्रमहरू प्रदेश र स्थानीय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने, नवीकरणीय ऊर्जासम्बन्धी जलवायु परिवर्तन तथा कार्बन उत्सर्जन न्यूनीकरणसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा ऊर्जा दक्षतासम्बन्धी कार्यहरू गर्ने रहेका छन् ।

हाल ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत रहेको यस केन्द्रले स्थापनाकालदेखि नै यस क्षेत्रमा सरकारको प्रमुख निकायका रूपमा नेपाल सरकार तथा विभिन्न विकास साझेदारहरूको सहयोग तथा प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी संस्थासँगको सहकार्यमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै स्वच्छ ऊर्जामा सर्वसाधारण जनताको पहुँच बढाउन र ऊर्जा दक्षताको अवलम्बन गर्न आर्थिक तथा प्राविधिक सहयोग परिचालन गर्दै आइरहेको छ ।

केन्द्रको स्थापनाकालदेखि आव २०८१/८२ को अन्त्यसम्मको भौतिक प्रगति विवरणलाई हेर्दा केन्द्रको सहयोगमा ४० हजार ६५५ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, ११ हजार १०४ सुधारिएको पानीघट्ट जडान, १० लाख ७८९ घरेलु सौर्य विद्युत् प्रणाली, चार हजार ५४० संस्थागत सौर्य विद्युत् प्रणाली, तीन हजार ४७५ किलोवाट पिक सौर्य मिनिग्रिड, सौर्य वायु मिनिग्रिड जडान, ३० हजार ९३९ किलोवाट पिक सौर्य रुफटप, दुई हजार ४६४ सौर्य ड्रायर तथा कुकर जडान, चार हजार २८० सौर्य खानेपानी तथा सिँचाइ पम्प, एक लाख ५६ हजार ५३१ फलामे सुधारिएको चुलो, ३३ वटा संस्थागत ग्यासिफायर, ८२ हजार ४८५ विद्युतीय चुलो, चार लाख ५६ हजार ७६६ घरायसी बायोग्यास, १४ लाख २३ हजार २४२ सुधारिएको माटोको चुलो, ३७८ संस्थागत, सहरी तथा व्यावसायिक बायोग्यास, १७६६ ऊर्जाको उत्पादनमूलक परिप्रयोग, तीन हजार ३०९ सौर्य सडक बत्ती र चार हजार ८६५ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान सम्पन्न भएका छन् ।

आव २०८१/८२ मा मात्र केन्द्रको सहयोगमा ४०२ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, चार हजार १४२ घरेलु सौर्य प्रणाली, ३७८ किलोवाट पिक सौर्य मिनीगिड आयोजना, १२ हजार ६८६ सौर्य रुफटप प्रणाली, १०७ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान, ५८९ सौर्य खानेपानी तथा सिँचाइ परियोजना, २०८ संस्थागत सौर्य विद्युत् प्रणाली, २३ हजार १०० विद्युतीय चुलो, २४ हजार ३२० फलामे सुधारिएको चुलो, चार हजार ३८६ घरायसी बायोग्यास प्लान्ट र नौ वटा ठूला क्षमताका बायोग्यास परियोजना सम्पन्न भएका छन् ।

यसैगरी नवीकरणीय ऊर्जा प्रविधिका प्रवर्द्धनमार्फत एक लाख २६ हजार ९१४ मेट्रिक टन कार्बन उत्सर्जन न्यूनीकरण गरी कार्बन व्यापारमार्फत छ लाख ६० हजार अमेरिकी डलर (करिब नौ करोड २४ लाख) आम्दानी भएको छ । स्वच्छ विकास संयन्त्रअन्तर्गत आठवटा आयोजनाबाट हालसम्म कुल ६६ लाख ८० हजार मेट्रिक टन कार्बन उत्सर्जन घटाई कार्बन व्यापार मार्फत करीब ३६.०११ मिलियन अमेरिकी डलर ( करीब पाँच अर्ब चार करोड) आम्दानी भइसकेको छभने यी कार्बन परियोजनाको सञ्चालनबाट भविष्यमा थप आम्दानी हुने सुनिश्चित भएको छ । साथै, नवीकरणीय ऊर्जासम्बन्धी विभिन्न अध्ययन, अनुसन्धान तथा विकास, प्रदेश सरकार र स्थानीय तहको क्षमता अभिवृद्धिसम्बन्धी क्रियाकलापहरूलगायतका क्रियाकलापहरू समेत गत आर्थिक वर्षमा सम्पन्न भएका छन् ।

हरित जलवायु कोषको सहयोगमा तराईका २२ जिल्लाका १५० स्थानीय तहमा खाना पकाउने स्वच्छ ऊर्जासम्बन्धी कार्यक्रम कार्यान्वयन भइरहेको छ, यसअन्तर्गत पाँच वर्षभित्र पाँच लाख विद्युतीय चुलो, चार लाख ९० हजार सुधारिएको चुलो र १० हजार घरायसी बायोग्यास प्लान्ट जडान गर्ने लक्ष्य रहेको छ जसबाट १० लाख घरधुरी लाभान्वित हुने छन् ।

त्यसैगरी हरित जलवायु कोषसम्बन्धी क्षमता विकास र तयारी (रेडिनेस) कार्यक्रम कार्यान्वयनअन्तर्गत सम्बन्धित सरोकारवालाहरूलाई लक्षित गरी तयार गरिएको क्षमता अभिवृद्धिका क्रियाकलापहरू सम्पन्न गरिएको छ ।

केन्द्रले हालसम्म देशको समग्रमा करिब ३७ लाख घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पुऱ्याएको छ । कुल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब ८.५ प्रतिशत रहेको छ । विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको क्षेत्रमा केन्द्रले विशेष जोड दिँदै आएको छ । नवीकरणीय ऊर्जाको क्षेत्रमा ५०० भन्दा बढी कम्पनीहरू क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ४० हजारभन्दा बढी रोजगारी सिर्जना भएको छ ।

केन्द्रले नेपाल नवीकरणीय ऊर्जा कार्यक्रम, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम, दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग ( अफग्रिड कम्पोनेन्ट) कार्यक्रम, ग्रामीण जीविकोपार्जनका लागि नवीकरणीय ऊर्जा कार्यक्रम, मिनिग्रिड ऊर्जा पहुँच कार्यक्रम, ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रम, आर्थिक विकासका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रम, लघु जलविद्युत् कर्जा कोष, बायोग्यास कर्जा कोषजस्ता कार्यक्रमहरूमा विकास साझेदारहरूसँग सहकार्य गरी सबैलाई आधुनिक ऊर्जाको पहुँच, विकेन्द्रीकृत नवीकरणीय ऊर्जा प्रणाली तथा ऊर्जा दक्षता अवलम्बनमार्फत ऊर्जा प्रणालीलाई दिगो, भरपर्दो र उत्थानशील बनाउनाका साथै नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको विकास र विस्तारका लागि प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गरी देशको समग्र ऊर्जा रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

केन्द्रअन्तर्गत रहेको केन्द्रीय नवीकरणीय ऊर्जा कोषले केन्द्रको वित्तीय संयन्त्रका रूपमा मिश्रित वित्तको सिद्धान्तमा आधारित रही अनुदान, भायबिलिटी ग्याप फन्डिङ र कर्जा प्रवाह गर्दै आइरहेको छ । कोषअन्तर्गत रहेको दिगो ऊर्जा च्यालेञ्ज फन्डले नवीनतम वित्तीय संयन्त्रका रूपमा निजी क्षेत्रद्वारा विकास गरिने दिगो ऊर्जा परियोजनाहरूमा भायबिलिटी ग्याप फन्डिङ र प्राविधिक सहायता प्रदान गर्दै आएको छ । दिगो ऊर्जा च्यालेञ्ज फन्डअन्तर्गतका परियोजनाहरूमा बेलायत सरकारले नेपाल नवीकरणीय ऊर्जा कार्यक्रममार्फत सहयोग पुऱ्याउँदै आइरहेकामा पछिल्लो समयमा जर्मन विकास सहयोग र युरोपियन युनियनको सहयोगमा जिआइजेडद्वारा सञ्चालित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम र केएफडब्लुको सहयोगमा सञ्चालित ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रमले समेत सहयोग प्रदान गर्दै आएकाले यस क्षेत्रलाई थप विस्तार गर्न सघाउ पुगेको छ ।

नेपालमा वार्षिक सोलार रेडिएसन प्रतिवर्गमिटर एक हजार ६०० देखि दुई हजार किलोवाट घण्टा रहेको छ । देशको अधिकांश ऊर्जा खपत तापीय ऊर्जा (काठ दाउरा, कोइला, एलपिजी, आयातित इन्धन) मा आधारित छ, जसको प्रयोगले कार्बन उत्सर्जन वृद्धि भई वातावरणीय प्रदूषण निम्त्याइरहेको छ । नेपालको कूल ऊर्जा उपभोगमा ५० प्रतिशत हिस्सा तापीय ऊर्जा रहेको पाइन्छ । सौर्य तापीय ऊर्जा प्रणाली सूर्यबाट प्राप्त तापमा आधारित छ, जसको प्रयोग घरायसी, व्यावसायिक र औद्योगिक स्तरमा गर्न सकिन्छ र यसबाट विद्युत् एवं खनिज इन्धनमाथिको निर्भरतालाई कम गर्न सकिन्छ ।

सन् २०४५ सम्म खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्न परम्परागत तथा खनिज इन्धनमा आधारित तापीय ऊर्जालाई नवीकरणीय ऊर्जाले प्रतिस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । यसै तथ्यलाई मनन गर्दै यस केन्द्र र इसिमोडको संयुक्त पहलमा "सौर्य तापीय मार्गचित्र तथा कार्यान्वयन योजना, २०८२ तयार गरिएको छ । यस मार्गचित्रको मुख्य उद्देश्य घरायसी, व्यावसायिक तथा औद्योगिक प्रयोगजनको लागि सौर्य तापीय ऊर्जाको प्रयोगमा वृद्धि गर्नु रहेको छ । मार्गचित्रले सन् २०४५ सम्ममा घरायसी प्रयोगको लागि एक हजार ३५४ मेगावाट र औद्योगिक उपयोगको लागि २९ मेगावाट बराबरको थर्मल प्लान्ट स्थापना गर्ने लक्ष्य लिएको छ ।

हाल ९९ प्रतिशत विद्युतीकरण भएको परिप्रेक्ष्यमा पनि पूर्ण विद्युतीकरणका लागि लघु तथा साना जलविद्युत र सौर्य ऊर्जाको विस्तार गर्न, राष्ट्रिय प्रसारण लाइन पुगेका स्थानमा रहेका लघु तथा साना जलविद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोड्न, विपद्बाट क्षति भएका आयोजनाको पुनर्निर्माण र पुनर्स्थापना गर्न, ऊर्जा सम्मिश्रणका लागि सौर्य तथा वायु ऊर्जालगायतका नवीकरणीय ऊर्जाको विकास र विस्तार गर्न तथा घरायसी र औद्योगिक क्षेत्रमा ऊर्जा दक्षताका कार्यक्रम विस्तार गर्न अति आवश्यक देखिन्छ ।

विद्युत् पहुँच पुग्न बाँकी भौगोलिक क्षेत्र तथा घरधुरीहरूमा विद्युत् पहुँच पुऱ्याउन मन्त्रालय, नेपाल विद्युत प्राधिकरण र केन्द्रले पूर्ण विद्युतीकरणका लागि एकीकृत कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ । यसअन्तर्गत विद्युत् पहुँच पुग्न बाँकी घरधुरीमा विद्युत् पहुँच पुऱ्याउन नेपाल विद्युत् प्राधिकरण र केन्द्रले क्षेत्रगत जिम्मेवारीसहित तयार गरिएको संयुक्त कार्ययोजनाबमोजिम कार्य अघि बढिरहेको छ । सम्बन्धित पालिका र नेपाल विद्युत् प्राधिकरणको विद्युत पहुँच तथ्याङ्कबीच सामाञ्जस्यता बनाउन विद्युत् पहुँच पुग्न बाँकी घरधुरीहरूको विवरण अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । केन्द्रले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको एउटा विशिष्ट अङ्गका रूपमा सेवा पुऱ्याउने र विद्युतीय ऊर्जाको खपत वृद्धि गरी स्वच्छ ऊर्जा रुपान्तरणको क्षेत्रमा विशेष ध्यान पुऱ्याई आयातित खनिज ऊर्जाको विस्थापन गर्ने, वैदेशिक मुद्रा सञ्चित गर्ने कार्यमा सहयोगी भूमिका निर्वाह गरिरहेको छ ।

नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी क्रियाकलापहरू सरकारको प्राथमिकतामा पर्नु, आवधिक योजनाहरूमा कुल ऊर्जा सम्मिश्रणमा नवीकरणीय

*बाँकी तीन पृष्ठमा*

# बालबालिकाका विषयलाई निर्वाचन घोषणापत्रमा प्राथमिकता दिन माग

काठमाडौँ, १८ कात्तिक (रासस) ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)ले आगामी फागुन २१ गतेका लागि निर्धारित प्रतिनिधिसभा सदस्यको निर्वाचनमा राजनीतिक पार्टीबाट जारी हुने घोषणापत्रमा बालबालिकाका विषयलाई प्राथामिकता दिन माग गरेको छ ।

सञ्जालका अध्यक्ष तिलोत्तम पौडेलद्वारा मंगलबार जारी विज्ञप्तिमा निर्वाचन र अन्य कुनै पनि राजनीतिक गतिविधिमा बालकालिकालाई प्रयोग नगर्न समेत आग्रह गरिएको छ । प्रतिनिधिसभाको निर्वाचनमा मतदान केन्द्र विद्यालयमा नराख्न र निर्वाचन आचारसंहितामा यस्ता विषय समावेश गरी कार्यान्वयन गन सो अभियानले माग गरेको छ ।

बालअधिकार महासन्धि, १९८० को नेपाल पक्ष राष्ट्र भएको र नेपालको संविधानको मौलिक हकमा कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्थाबारे सिजपले स्मरण गराएको छ ।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६ मा बालबालिकालाई राजनीतिक उद्देश्यका लागि प्रयोग गर्न पाइने छैन भनी उल्लेख गरिएको छ । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपश्चात् बनेको सरकारले हालसम्म महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नियुक्त नगरेकामा विज्ञप्तिमार्फत चिन्ता व्यक्त गरिएको छ ।

अठार वर्षभन्दा कम उमेरका बालबालिकालाई जस्तोसुकै असहज परिस्थितिमा उनीहरूको शिक्षा, स्वास्थ्य, संरक्षणको अधिकार सुनिश्चित गर्ना॰ विद्यालय बन्द, हडताल, र्‍याली, सभा, आदिमा हुनसक्ने र पर्नसक्ने जोखिमबाट पनि प्रभावित हुन नदिइ संरक्षणको व्यवस्था गर्न माग गरिएको छ ।

## स्वच्छ ऊर्जा ...

ऊर्जाको हिस्सा वृद्धि गर्ने लक्ष्य लिइनु, विश्वव्यापी जलवायु सङ्कट न्यूनीकरणका लागि विकास साझेदारहरूले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा गरिने सहयोगलाई निरन्तरता दिनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् । स्वदेशमा नै रोजगारी सृजना गर्ने, युवाहरूलाई बिदेशिनबाट रोक्ने कार्यमा स्थानीय प्रविधि बायोग्यास, लघु तथा साना जलविद्युत् उद्यमी, सुधारिएको चुलो निर्माण गर्ने, सौर्य ऊर्जाका काम गर्ने विभिन्न तहका प्राविधिक, साना लगानीकर्ता संरक्षण र प्रवर्द्धनको लागि यस क्षेत्रमा नयाँ कार्यक्रमहरू तथा थप बजेटको व्यवस्था गर्नु आवश्यक देखिन्छ । त्यसैगरी नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई सङ्घीय संसदबाट स्वीकृत गरी ऐनको रुप दिने कार्य सम्पन्न गर्नुपर्ने आवश्यकता रहेको छ ।

त्यसैगरी विभिन्न विकास साझेदारको सहयोगमा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारको प्रतिबद्धता अनुरुपको समपुरक कोष उपलब्ध हुनुपर्ने, पूर्ण विद्युतीकरण, खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको विस्तार, पुराना तथा विपद्बाट क्षति भएका लघु तथा साना जलविद्युत्, सौर्य मिनीग्रिडलगायतका आयोजनाको पुन:स्थापना र राष्ट्रिय प्रसारण लाइन पुगेका स्थानमा राष्ट्रिय प्रसारण लाइनमा जोड्न बजेट व्यवस्थापन गर्नुपर्ने जस्ता कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाउनु आवश्यक रहेको छ । नबीकरणीय ऊर्जा र ऊर्जा दक्षताको प्रवर्द्धनको माध्यमबाट केन्द्रलाई आगामी दिनमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता क्षेत्रको विशिष्ठता केन्द्रको रूपमा विकास गर्ने कार्यमा केन्द्रको प्रतिबद्धता रही आएको छ । (लेखक वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक हुनुहुन्छ)

## महादेवाको कृषि ...

निर्देशनालय नक्टाझिज धनुषाका कार्यालय प्रमुख रत्न कुमार झा, कृषि अर्थ विज्ञ- योजना प्रमुख विकास कुमार साह, लेखा अधिकृत चक्र प्रसाद अधिकारीलाई भ्रष्टाचार निवारण ऐन बमोजिम कैद र बिगो तथा बिगो बमोजिमको जरिवाना असुल उपरको मागदाबी सहित आरोप-पत्र दायर गरिएको अख्तियार दुरुपयोग अनुसन्धानले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यस्तै यसैगरी वडा नं. २ का अध्यक्ष जगदीश मण्डललाई पनि सोही बमोजिम बिगो तथा बिगो बमोजिमको जरिवाना असुल उपरको मागदाबी सहित आरोप-पत्र दायर गरिएको अख्तियार दुरुपयोग अनुसन्धानले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

सोही बमोजिम बिगो तथा बिगो बमोजिमको जरिवाना कृषि सडक निर्माण उपभोक्ता समिति महादेवा वडा नं. २ कजौली सप्तरीका अध्यक्ष हरि नारायण यादव, सचिव गगांराम यादव र कोषाध्यक्ष सावित्री देवी यादवमाथी पनि असुल उपरको मागदाबी सहित आरोप-पत्र दायर गरिएको अख्तियार दुरुपयोग अनुसन्धानले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

सोही बमोजिम कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषाका परामर्शदाता किरु इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि. र सो प्रा.लि.का प्रोप्राइटर हरिश कुमार सिंह उपरको मागदाबी सहित आरोप-पत्र दायर गरिएको अख्तियार दुरुपयोग अनुसन्धानले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

## श्रीमानको बन्चरो ...

मिर्चैया नगरपालिका वडा नं. १० घर भएका रतन सदाले कात्तिक ११ गते माईती घरमै श्रीमति सदाको टाउकोमा बन्चरो प्रहार गर्दा उनी गम्भिर घाइते भएकी थिइन् ।

बन्चरो प्रहारबाट गम्भिर घाइते सुनितालाई उपचारको लागि प्रादेशिक अस्पताल लहान लगिएको थियो । त्यहाँबाट थप उपचारका लागि विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएकोमा आर्थिक अभावको कारण त्यहाँ उपचार गराउन नसकी मिर्चैया १० मथलेश्वर स्थित घर ल्याउँदा घरमै उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जनाकारी दिए ।

मृतका श्रीमान रतन सदालाई नियन्त्रणमा लिएको र शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल लहान सिरहा पठाइएको उनले बताए ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी
राजविराज

प.सं. २०८२/०८३ मिति: २०८२/०७/१८
च.नं. १५४५

विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना ।

जाहिस सिंहको नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे इनर्वाफुलबरिया रैती नं. ७४ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. इनर्वा फुलबरिया वडा नं. ७ हाल परिवर्तित खडक न.पा. वडा नं. १० बस्ने शिव नारायण साहु र सत्रुघन साहुको यस कार्यालयमा द.नं. २३५१ मिति २०८२/०५/१० गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८२/०७/१८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| २९१,२९२ | इनर्वा फुलबरिया | ४क | ११८ | ०-६-९ | जाहिस सिंह | फिल्डबुक को कैफियत महलमा यो जग्गामा वादी श्री ५ को सरकार र प्रतिवादी सत्रुघन समेत जना ८ को सर्वोच्च अदालतमा झगडा छ भनि उल्लेख रहेको |
| | | | १२२ | ०-८-७ | | |
| ५८३ | इनर्वा फुलबरिया | ६क | १४० | १-०-८ | | |

श्री किशोर कुमार राम
नि. प्रमुख मालपोत अधिकृत
नि. प्रमुख मालपोत अधिकृत

# विश्व समाचार

## भारतद्वारा मतदाता सूची सुधार अभियान प्रारम्भ, मताधिकार खोसिने जोखिमबारे मानव अधिकारवादीहरूको चेतावनी

नयाँदिल्ली, १८ कात्तिक (रासस/एएफपी) ।

भारत सरकारले मङ्गलबारदेखि देशव्यापी रूपमा आफ्नो मतदाता सूचीको सामूहिक संशोधन प्रक्रिया प्रारम्भ गरेको छ । यो अभ्यासलाई “विशेष गहन संशोधन (स्पेसल इन्टेन्सिभ रिभिजन- एसआइआर) भनिएको छ । एसआइआरलाई मानवअधिकार र नागरिक अधिकारकर्मीहरूले विवादास्पद बताउँदै विश्वकै सबैभन्दा ठूलो लोकतन्त्रमा लाखौं नागरिकको मताधिकार जोखिममा पर्ने चेतावनी दिएका छन् । तीन महिनासम्म चल्ने यो व्यापक अभियान १२ वटा राज्य र सङ्घीय क्षेत्रहरूमा सुरु गरिएको छ । तीमध्ये धेरैले आगामी वर्ष स्थानीय तहका निर्वाचनहरू आयोजना गर्न लागेका छन् । यस क्रममा दशौं हजार सरकारी निर्वाचन अधिकृत र करिब पाँच लाख स्वयंसेवकले देशभरका बासिन्दाहरूको घर-घर पुगेर मतदाता गणना फारम भर्न, सङ्कलन गर्न र पेस गर्न सहयोग पुर्‍याउनेछन् । भारतीय निर्वाचन आयोग (इसिआई) का प्रमुख ज्ञानेश कुमारले राजधानी नयाँदिल्लीमा पत्रकार सम्मेलन गर्दै भन्नुभयो, “हाम्रो उद्देश्य प्रत्येक योग्य नागरिकलाई मतदाता सूचीमा समावेश गर्नु हो । अधिकारीहरूले घरदैलो अभियानमार्फत नागरिकहरूलाई फारम भर्न सहयोग गर्नेछन् र त्रुटिहरू सच्याउने काम हुनेछ ।” यसअघि, चालु वर्षको सुरुआतमा निर्वाचन आयोगले बिहार राज्यमा यस्तै संशोधन कार्य सञ्चालन गरेको थियो । बिहारमा १३ करोडभन्दा बढी जनसङ्ख्याको बसोबास छ । त्यस अभ्यासपछि करिब ६५ लाख मतदाताको नाम सूचीबाट हटाइएको थियो । आयोगले यो कदम ‘विदेशी अवैध आप्रवासीहरूको दर्ता रोक्न’ आवश्यक रहेको दाबी गरेको थियो ।

प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) का नेताहरूले लामो समयदेखि छिमेकी बङ्गलादेशबाट कागजातविहीन मुस्लिम आप्रवासीहरूले गलत रूपमा मतदाता दर्ता गरिरहेका आरोप लगाउँदै आएका छन् । तर, आलोचकहरू र नागरिक समाजका समूहहरूले यी दाबीहरूलाई राजनीतिक नारा भन्दै कडा कागजात माग गर्ने प्रावधानका कारण लाखौं वास्तविक भारतीय नागरिक अन्यायपूर्वक मतदाता सूचीबाट हटाइने चिन्ता व्यक्त गरेका छन् । कयौं कार्यकर्ताले जीवित मतदातालाई मृतकको रूपमा सूचीबद्ध गरिएको र कतिपय परिवारका सबै सदस्यलाई मस्यौदा सूचीबाट पूर्णरूपमा हटाइएको उदाहरणहरू सार्वजनिक गरेका छन् । अगस्ट महिनामा भारतको सर्वोच्च अदालतले ‘आधार’ नामक बायोमेट्रिक परिचयपत्रलाई मतदाता दर्ताका लागि वैध प्रमाणपत्रको रूपमा स्वीकार गर्न सकिने आदेश दिँदै केही कानूनी विवादहरू कम गराएको थियो । तथापि, अधिकारकर्मीहरूले अझै पनि ग्रामीण र गरिब नागरिकहरूका लागि आवश्यक कागजात जुटाउन कठिन हुने बताएका छन् ।

पछिल्लो एसआइआर अभियानमा भारतका प्रमुख राज्यहरू समावेश छन् । यसमा करिब १९ करोड जनसङ्ख्या भएको उत्तर प्रदेश, नौ करोड १० लाख जनसङ्ख्या भएको पश्चिम बङ्गाल, सात करोड २० लाख जनसङ्ख्या भएको तमिलनाडु र तीन करोड ३० लाख जनसङ्ख्या भएको केरला पर्दछन् । यस अभ्यासविरुद्ध विभिन्न अधिकार समूह र विपक्षी दलहरूले कानूनी चुनौती दर्ता गरिरहेका छन् । तमिलनाडुका मुख्यमन्त्री एम. के. स्टालिनले सोमबार सर्वोच्च अदालतमा निवेदन दर्ता गर्दै यो अभ्यास ‘वास्तविक मतदाताहरूको नाम मेटाउने राजनीतिक चाल’ मात्र भएको आरोप लगाउनुभयो । उहाँले आइतबार विपक्षी दलहरूको एक भेलामा सम्बोधन गर्दै भन्नुभयो, “मतदान लोकतन्त्रको शरीर र आत्मा हो र आज त्यो अधिकार गम्भीर सङ्कटको सामना गरिरहेको छ ।” भारतीय निर्वाचन आयोगका अनुसार संशोधन कार्य पूरा भएपछि अन्तिम मतदाता सूची आगामी सन् २०२६ फेब्रुअरी ७ मा सार्वजनिक गरिनेछ ।

## अनिल अम्बानीको सम्पत्ति जफत

मुम्बई, १८ कात्तिक (रासस/एएफपी) ।

भारतको शीर्ष वित्तीय अपराध अनुसन्धान निकाय, प्रवर्तन निदेशालय (इडी) ले प्रतिष्ठित उद्योगपति अनिल अम्बानीसँग सम्बन्धित विभिन्न कम्पनीहरूबाट ८४ करोड ६० लाख अमेरिकी डलरभन्दा बढी (करिब ७५ अर्ब भारतीय रुपैयाँ) बराबरको सम्पत्ति जफत गरेको जनाएको छ । यो कारबाही बैंक धोखाधडी र मनी लन्ड्रिङसम्बन्धी अनुसन्धानको एक महत्त्वपूर्ण अंशका रूपमा गरिएको हो । एसियाका सबैभन्दा धनी व्यक्ति मुकेश अम्बानीका कान्छा भाइ अनिल अम्बानी विगत दुई दशकयता आफ्नो व्यवसायिक साम्राज्यमा आएको गिरावटका कारण निरन्तर विवादमा परिरहनुभएको छ । एक समय ऊर्जादेखि दूरसञ्चार र रक्षा उद्योगसम्म फैलिएको विशाल व्यापारिक साम्राज्यका स्वामी रहनुभएका उहाँ अहिले विभिन्न आर्थिक अनियमिततासम्बन्धी अनुसन्धानको केन्द्रमा पर्नुभएको छ ।

इडीले सोमबार साँझ जारी गरेको विज्ञप्तिमा कार्यालय परिसर, आवासीय एकाइहरू र करिब १३२ एकड (५३ हेक्टर) जग्गासहितको सम्पत्ति फ्रिज गरिएको जानकारी दिएको छ । निकायले भनेको छ, “रिलायन्स अनिल अम्बानी समूहका विभिन्न कम्पनीहरूले सार्वजनिक कोषको धोखाधडीपूर्ण हेरफेर गरेका छन् र संस्थाले ती गैरकानूनी आम्दानीलाई सही दावीकर्ताहरूलाई पुन:स्थापित गर्न प्रतिबद्ध रहेको स्पष्ट गरेको छ ।” इडीको यो अनुसन्धान भारतको केन्द्रीय अनुसन्धान ब्युरो (सिबिआई) ले गत अगस्टमा दायर गरेको आपराधिक मुद्दाको आधारमा प्रारम्भ भएको हो । सो मुद्दा देशकै सबैभन्दा ठूलो बैंक, स्टेट बैंक अफ इन्डिया (एसबिआई) ले दर्ता गरेको ठगी उजुरीबाट उत्पन्न भएको बताइन्छ । उजुरीमा रिलायन्स कम्युनिकेसनले बैंक कोषको दुरुपयोग गरी करिब २९ अर्ब २९ करोड रुपैयाँको नोक्सानी पुर्‍याएको आरोप लगाइएको थियो ।

यसबीच, अनिल अम्बानी नियन्त्रित कम्पनी रिलायन्स इन्फ्रास्ट्रक्चरले सोमबार विज्ञप्ति जारी गर्दै इडीको निर्णयले आफ्नो नियमित व्यापारिक सञ्चालनमा ‘कुनै असर नपार्ने’ जनाएको छ । कम्पनीका प्रवक्ताले अम्बानीका तर्फबाट भने, “उहाँले सबै आरोपहरूलाई दृढतापूर्वक अस्वीकार गर्नुभएको छ र कानूनी रूपमा आफ्नो बचाउ गर्नुहुनेछ ।” अम्बानी सन् २०१८ मा विपक्षी नेता राहुल गान्धीले प्रधानमन्त्री नरेन्द्र मोदी र उहाँमाथि फ्रान्सबाट राफेल लडाकू बिमान खरिद सम्झौतासम्बन्धी कथित अनियमितताको आरोप लगाएको समयमा पनि सार्वजनिक चर्चामा आउनुभएको थियो । तथापि, ती आरोपहरू दुवै पक्षले अस्वीकार गरेका थिए ।

# जनकपुर बोल्ट्सले प्रतिभा ट्यालेन्ट हन्टवाट आईकनिक प्लेयर चयन गर्दै



**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

नेपाल प्रिमियर लिग (एनपीएल) टोली आगामी संस्करणका लागि तीन जना उत्कृष्ट युवा खेलाडी छनोट गर्न प्रतिभा छनोट कार्यक्रम आयोजना गरेको छ ।

मंगलवार सप्तरी क्रिकेट संघको सहकार्य तथा जनकपुर बोल्टसको आयोजनामा राजविराज स्थित पविमावि क्रिकेट खेलमैदानमा एक दिने ट्यालेन्ट हन्ट खेलाडी छनोट कार्यक्रम आयोजना गरिएको हो ।

उक्त कार्यक्रमबाट तीन जना उत्कृष्ट युवा खेलाडीहरू छनोट गरिने जनकपुर बोल्ट्सका सहायक प्रशिक्षक मनोज कटुवालले जानकारी दिए ।

यसरी छनौट गरिएका मध्ये एक जना खेलाडीलाई मुख्य टोलीमा स्थान दिइनेछ भने दुई जना खेलाडीहरूलाई विकास टोली (वैकल्पिक) मा राखिने उनको भनाई छ ।

छनौट भएका खेलाडीहरू आगामी मंसिर १ देखि सुरू हुने नेपाल प्रिमियर लिगको दोस्रो संस्करणमा सहभागी हुने अवसर पाउने छन् । जनकपुर बोल्ट्सले यस अघि नै एनपीएलको दोस्रो संस्करणका लागि ६ जना प्रमुख खेलाडीहरूको छनौट गरिसकेको छ ।

यस ट्यालेन्ट हन्ट कार्यक्रमले नेपाली क्रिकेटमा नयाँ प्रतिभाहरूलाई अवसर प्रदान गर्ने र देशको क्रिकेटको स्तरलाई अझ उचाइमा पुऱ्याउने अपेक्षा गरिएको छ ।

उक्त प्रतिभा छनोट अभ्यास खेलमा मधेश प्रदेश का ८ वटै जिल्लाका ८७ जना खेलाडीहरूले सहभागिता रहेको सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले जानकारी दिए ।

उक्त अवसरमा क्रिकेट संघ सप्तरीका उपाध्यक्ष निरज सिंह, सचिव चन्दनकुमार यादव, कोषाध्यक्ष तुलानाथ माझी, जनकपुर बोल्ट्सका म्यानेजर अनुज जैयशवाल, पिच क्युरेटर धर्मेन्द्र चौधरी लगायतको समेत उपस्थिति रहेको थियो ।

# चार उद्योगले तिरे डेडिकेटेड तथा ट्रङ्क लाइनको महसुल

काठमाडौँ, १८ कात्तिक (रासस) ।

डेडिकेटेड तथा ट्रङ्क लाइनबाट विद्युत् उपभोग गरेका रुपन्देहीमा सञ्चालित चार उद्योगले सोमबार प्रिमियम महसुलको बक्यौता तिरेका छन् । नेपाल विद्युत् प्राधिकरणलाई ती उद्योगले पहिलो किस्तावापतको रकम तिरेका हुन् ।

भैरहवा क्षेत्रमा सञ्चालित पञ्चकन्या प्लाष्टिक उद्योग, पञ्चकन्या स्टिल इण्डष्ट्रिज, सिद्धार्थ पेटप्लान्ट र प्लास्टिकले बक्यौताको पहिलो किस्तावापतको रकम तिरेका प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले जानकारी दिनुभयो । उहाँका अनुसार पहिलो किस्ता तिरेपछि उद्योगको विच्छेद गरिएको विद्युत् लाइन जडान गरिएको छ ।

ती उद्योगले विसं २०७२ माघदेखि २०७५ वैशाखसम्ममा डेडिकेटेड तथा ट्रङ्क लाइन प्रयोगवापतको प्रिमियम महसुलको पहिलो किस्ता बुझाएका कार्यकारी निर्देशक सिलवालले बताउनुभयो । प्राधिकरणका अनुसार पञ्चकन्या प्लाष्टिकको रु २४ लाख ६३ हजार, पञ्चकन्या स्टिलको रु ५२ लाख १९ हजार, सिद्धार्थ पेटप्लान्टको रु एक करोड ८३ लाख र श्याम प्लास्टिकको रु ४९ लाख १० हजार बक्यौता रहेको छ । बक्यौतालाई २८ किस्तामा विभाजन गरी उद्योगले पहिलो किस्ता तिरेका छन् ।

# नेपाल प्रहरीका पाँच जनाको प्रहरी नायब महानिरीक्षकमा पदोन्नति

काठमाडौँ, १८ कात्तिक (रासस) ।

सङ्घीय सरकारको गृहमन्त्रीस्तरीय निर्णयअनुसार प्रहरी वरिष्ठ उपरीक्षकबाट प्रहरी नायब महानिरीक्षक पदमा पदोन्नति भएका पाँच जना प्रहरी नायब महानिरीक्षक दर्ज्यानी चिन्हद्वारा सुशोभित हुनुभएको छ । प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले सोमबार नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित एक समारोहबीच उहाँहरूलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नुभएको हो ।

दर्ज्यानी चिन्हद्वारा सुशोभित हुने प्रहरी नायब महानिरीक्षकमा भूपेन्द्रबहादुर खत्री, सानुराम भट्टराई, ओमप्रसाद अधिकारी, शेखर खनाल र अविनारायण काफ्ले रहनुभएको छ । समारोहमा प्रहरी महानिरीक्षक खापुङले दर्ज्यानी चिन्हद्वारा सुशोभन भएका प्रहरी अधिकृतलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

आफ्नो दक्षता, कार्यकुशलता, राष्ट्र, जनता र सङ्गठनप्रति पुऱ्याएको योगदानको उचित मूल्याङ्कनका आधारमा पदोन्नति भएको चर्चा गर्दै उहाँले परम्परागत सोचाइ र शैलीलाई समयानुकूल परिवर्तन गरी आ-आफ्नो स्थानबाट व्यावसायिक, इमानदार एवं कर्तव्यनिष्ठ प्रहरीको छवि बनाउने गरी दृढतापूर्वक काम गर्न प्रहरी अधिकृतलाई निर्देशन दिनुभयो ।

# पुनःनिर्माण कोषमा ६ करोड २४ लाख संकलन

काठमाडौँ, १८ कात्तिक (रासस) ।

गत भदौ २३ र २४ गते देशभर भएका जेन-जी प्रदर्शनका क्रममा भएको आगजनी, तोडफोड र अतिक्रमणको कारण क्षति पुगेका भौतिक संरचनाको पुनःनिर्माणका लागि सरकारले स्थापना गरेको 'भौतिक पूर्वाधार पुनःनिर्माण कोष'मा हालसम्म रू छ करोड २४ लाख सङ्कलन भएको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयकाअनुसार सोमबार बेलुकासम्म सो कोषमा उक्त रकम जम्मा भएको हो । जेन-जी प्रदर्शनका क्रममा विभिन्न सार्वजनिक संरचना, सरकारी कार्यालय, तथा स्थानीय निकायका भौतिक संरचनामा क्षति पुगेको थियो । त्यस्ता संरचनाको पुनःनिर्माणका लागि सरकारले गत असोज २८ गते कोषमा आर्थिक सहयोग जुटाउन सर्वसाधारण नागरिक, निजी क्षेत्र, गैरआवासीय नेपाली, विकास साझेदार, दातृ निकाय, उद्यमी तथा विभिन्न सङ्घ-संस्थालाई औपचारिक रूपमा आह्वान गरेको थियो ।

सहयोगकर्तालाई प्रोत्साहन गर्न चालु आर्थिक वर्षभरि प्रदान गरिने आर्थिक सहयोगलाई करयोग्य आय गणनामा कटौतीयोग्य खर्चका रूपमा सूचीकृत गर्ने व्यवस्था पनि गरेको छ । कोषमा सङ्कलित रकम 'राष्ट्रिय वाणिज्य बैङ्क' सिंहदरबार शाखामा खोलिएको १९६०१००१०२०७०००४ विशेष खातामार्फत व्यवस्थापन गरिँदैछ ।


## प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**मुख्य कार्यालय राजविराज-४, सप्तरी**

**ऋण बुझाउने आउने बारे ३५ दिने सार्वजनिक सूचना**

**मिती :-२०८२/०७/१९**

यस प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजविराज-४ सप्तरीबाट विभिन्न मिति तथा उदेश्यमा ऋण लिएको तपसिलका ऋणी सदस्यहरुले भाखा म्याद भित्र ऋण रकमको साँवा, सो साँवाको लाग्ने ब्याज तथा हर्जाना रकम नबुझाएकोले निजहरुलाई पटक पटक मौखिक तथा लिखित तागेदा पत्राचार गरिसकिएको, तत्पश्चात पनि ऋण नबुझाई अटेरी गरेको हुँदा निजहरुलाई ऋण बुझाउन आउने भनि ३५ दिने सार्वजनिक सूचना जारि गरिएको छ । उक्त समय भित्र ऋण बुझाउन हुन सुचित गरिन्छ । सो नआएमा सहकारी ऐन २०७४ को दफा ७९, ८३, सहकारी नियमावली २०७५ को दफा ३० र संस्थाको विनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो जमानत लिलाम बिक्रि गरि असुल उपर गरिने ब्योहोरा समते जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.स. | ऋणीको नाम, थर | ठेगाना | बुवा/पति | बाजे/ससुरा | ऋणको उदेश्य |
|---|---|---|---|---|---|
| १. | चन्द्रिका देवी यादव | राजविराज १२ | विनोद कुमार यादव | जग नारायण यादव | घर जग्गा ऋण |
| २. | सुमित्रा देवी शर्मा | राजविराज ५ | कामेश्वर शर्मा | राम देव सुतिहार | घर जग्गा ऋण |
| ३. | गीता कुमारी मेहतर | राजविराज ६ | बालेश्वर कुमार मेहतर | लक्ष्मी मेहतर | घर जग्गा ऋण |
| ४. | हमिद मीया/मकिना खातुन | खड्क नपा ६ | संतु मिया | गम्भिर मियाँ | घर जग्गा ऋण |
| ५. | बब्लु खाँन | राजबिराज ४ | मो.कमरुदीन | मो.अजिज | घर जग्गा ऋण |



## धितो लिलाम बिक्रि गर्ने बारे ३५ दिने अत्यन्तै जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति :२०८२/०७/१९**


यस प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजविराजको तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लङ्घन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुँदा मिति २०८१/०४/१३ गतेको राजविराज दैनिक पत्रिकामा ऋण चुक्ता गर्नको लागि ३५ दिने सार्वजिनक सूचना, मिति २०८१/०५/१९ गते १५ दिने सूचना र मिति २०८१/०६/१६ गते ७ दिने सूचना प्रकाशित गर्दा समेत संस्थाको कर्जा चुक्ता नगरेको कारण तपशिलमा उलेखित धितो सुरक्षण सम्पति लिलाम बिक्रि गरि यस संस्थाको सम्पूर्ण लेना रकम उपर गरि लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्रि गर्न यो प्रथम पटक प्रकाशित ३५ दिने धितो लिलाम सम्बन्धि सूचना प्रकाशित गरिएको छ । अत उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित लिलमा बिक्रि हुने धितो सुरक्षण सम्पति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरिलिन इच्छुक संघ, संस्था, फर्म, कम्पनि तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पति कसैले नगरेमा वा रितपुर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७५ प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यश संस्थाले आफैले साकार गरि लिने ब्योहरा समेत सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्रि गर्दा वा संस्थाले आफैले साकार गर्दा साबिकमा भएको यश संस्थाबाट मुल्यांकन भन्दा कम मुल्यमा बिक्रि भयो वा मेरो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा आफैले साकार गरि लियो भनि कहि कतै उजुर बाजुर गर्न पाईने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि सम्पूर्ण लेना रकम असुल उपर नभएमा अन्य चल, अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरिलिने र सहकारी ऐन २०७५ बमोजिम कालो सुचिमा समाबेश गरिने ब्योहरा सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

**तपसिल**

| ऋणीको नाम | जिल्ला | गा.बि.स/गा.पा. | वार्ड न. | किता न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| नाम : बिसुन देव चौधरी थारु | सप्तरी | सितापुर | ८ | ९ | ०-४-८-० |
| बाजेको नाम : मुनिचन्द चौधरी | सप्तरी | सितापुर | ७ | ४७९ | ०-२-०-० |
| बाजेको नाम : भालु चौधरी | सप्तरी | सितापुर | ७ | ४७८ | ०-०-११.५-० |

जमानी : अनिल कुमार चौधरी
ठेगाना : अग्नीसाईर कृष्णासबरण गा.पा.-२, ईटहर्वा, सप्तरी

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
मुख्य कार्यालय राजविराज ४ सप्तरी
टेलिफोन न.०३१-५३२५२२/५२१११२


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*